नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ती

वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने सम्बन्धमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२ को उपदफा (१) मा "वैदेशिक रोजगारका लागि जाने कामदारले विदेश जानुअघि नेपाल सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराउनु पर्नेछ" र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५क. को उपनियम (९) मा "नेपाल सरकारले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण नेपाल सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाबाट गराउन यस नियममा भएको व्यवस्थाले बाधा पुगेको मानिने छैन" भन्ने व्यवस्था रहेको व्यहोरा विदितै छ।

यस मन्त्रालयको मिति २०८२।१२।१७ को माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रिस्तरबाट भएको निर्णय अनुसार वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न चाहने नेपाल सरकारबाट स्वीकृति प्राप्त वा नेपाल सरकारको स्वामित्वमा रहेको स्वास्थ्य संस्थाले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न सूचीकरण खुला गर्ने र स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को दफा ३ को व्यवस्था बमोजिम यस मन्त्रालयबाट सूचीकरणको लागि आवश्यक प्रक्रिया अगाडी बढाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

**मिति २०८२/१२/१७**
**नेपाल सम्बत ११४६ चौलाथ्व त्रयोदशी**

(पिताम्बर घिमिरे)
**सहसचिव/प्रवक्ता**

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np